email : doad.p5@gmail.com
website:doad.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

बुटवल

प.सः २०८२/८३ मितिः २०८२/११/०१

## प्रस्ताव आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/११/०१ सूचना नं. ०३/२०८२/०८३*

यस निर्देशनालयको चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार *प्राङ्गारिक मल उत्पादकलाई सहयोग कार्यक्रम* मा सहभागी हुन इच्छुक कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी/कृषि बजार समितिले सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन (मिति २०८२/११/३० गते) कार्यालय समय भित्र यस कृषि विकास निर्देशनालय, बुटवल वा सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्र/ एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा उल्लेखित कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्तावका साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना (प्रस्तावना फाराम), स्व-घोषणा यस निर्देशनालयको वेवसाईट doad.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि निर्देशनालयको सम्पर्क व्यक्तिको फोन नम्बर ९८५७०१०६३३ वा ९८४९८६४६३४ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

| क्र. सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | खर्च वा अनुदानको सीमा |
|---|---|---|---|---|
| १ | प्राङ्गारिक मल उत्पादकलाई सहयोग कार्यक्रम | • प्राङ्गारिक मल उत्पादनमा प्रयोग हुने यन्त्र उपकरण खरीद तथा जडान,<br>• जैविक तथा प्राङ्गारिक मल उत्पादनका लागि पूर्वाधार विकास/स्तरोन्नती,<br>• कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी/कृषि बजार समितिबाट उत्पादित जैविक/प्राङ्गारिक मलको परीक्षण सहयोग गर्न सकिने,<br>• उत्पादन, प्याकेजिङ्ग, भण्डारण संग सम्बन्धित पूँजीगत तथा चालु प्रकृतिका कृयाकलापहरु। | • कृषक समूह/कृषि सहकारी/फर्म/ कम्पनी/ कृषि बजार समिति मार्फत कार्यक्रम सञ्चालन गरिने,<br>• नयाँ पूर्वाधार निर्माणका लागि सम्बन्धित समूह/ सहकारी/फर्म/ कम्पनी/कृषि बजार समितिको स्वयं आफ्नै स्वमित्वमा जग्गा हुनुपर्ने,<br>• कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम मल उत्पादन यन्त्र उपकरणहरु सम्बन्धित समूह/सहकारी/फर्म/ कम्पनीले खरीद गर्नुपर्ने। | • नयाँ पूर्वाधार निर्माणको हकमा ५० प्रतिशत वा सात लाख मध्ये जुन कम हुन आउँछ सो रकम उपलब्ध गराइने,<br>• पूर्वाधार स्तरोन्नतीको हकमा ५० प्रतिशत वा अधिकतम पाँच लाखमध्ये जुन कम हुन आउँछ सो रकम अनुदान उपलब्ध गराइने,<br>• यन्त्र उपकरण लगायत चालु प्रकृतिका कृयाकलापको हकमा कूल लागतको ५० प्रतिशत वा तीन लाख मध्ये जुन कम हुन आउँछ सो रकम अनुदान उपलब्ध गराइने,<br>• जैविक/प्राङ्गारिक मलको परीक्षणका लागि कार्यालयले शत प्रतिशत खर्च व्यहोर्ने। |

- **कार्यक्रम संचालन हुने क्षेत्र वा स्थानः** लुम्बिनी प्रदेशभर
- **आवदेकको किसिमः** कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी/कृषि बजार समिति

निमित्त महानिर्देशक

email : doad.p5@gmail.com
website:doad.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

बुटवल

प.सः २०८२/८३

मितिः २०८२/११/०१

- **आवेदन पेश गर्ने स्थानः** कृषि विकास निर्देशनालय, बुटवल वा सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.), रुपन्देही, पाल्पा, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, दाङ्ग, रोल्पा, बाँके वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठान, बर्दिया र रुकुम पूर्व।

<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु:</u>

१. प्रस्तावकको निवेदन। (अनुसूची-२३ बमोजिमको)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी/कृषि बजार समिति)
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र र गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. परियोजनाको व्यावसायिक कार्ययोजना (अनुसूची-२४ को संलग्न प्रस्तावना ढाँचा बमोजिम)।
५. पहिले संचालनमा रहेका उत्पादकको हकमा जग्गाको स्वामित्व आफ्नै भएमा जग्गाधनी पूर्जाको प्रतिलिपी वा भाडामा लिएको जग्गाको हकमा सम्झौता पत्र र सम्बन्धित जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपी र सार्वजनिक जग्गा भएको भए सम्बन्धित निकायबाट भोगाधिकार दिएको पत्रको प्रतिलिपी समेत)
६. नयाँ पूर्वाधार निर्माणको हकमा जग्गा आवेदकको आफ्नै स्वामित्वमा रहेको जग्गाधनी पूर्जाको प्रतिलिपी।
७. सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस पत्र।
८. दोहोरो अनुदान नलिएको स्वःघोषणा (अनुसूची-३१ को संलग्न ढाँचा बमोजिम)।
९. प्रस्ताव पेश गर्न गरिएको निर्णयको प्रतिलिपि (कृषक समूह/कृषि सहकारी/कम्पनी/समितिको हकमा)
१०. प्रस्ताव पेश गर्न अख्तियारी दिईएको पत्र र अख्तियारी प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
११. प्रस्तावक संस्था कालो सूचीमा नरहेको स्वःघोषणा (संलग्न ढाँचा बमोजिम)।
१२. प्रस्ताव पेश गरे पश्चात निर्देशनालयको प्रारम्भिक मूल्याङ्कनमा उपयुक्त देखिएका प्रस्तावकहरुले पूर्वाधार निर्माणको हकमा विस्तृत लागत अनुमान, डिजाईन साथै खरीद गरिनुपर्ने मेशिनरी सामग्रीको स्पेशिफिकेशन पेश गर्नुपर्नेछ।

पुनश्चः कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन वा मन्त्रालयको कुनै निर्देशन भएमा सोही बमोजिम हुनेछ।

..............................
(रामप्रसाद पाण्डे)
नि. महानिर्देशक

निमित्त महानिर्देशक